# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## बुढिगंगा नगरपालिका
## बाजुरा ।




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम [illegible] लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या:२०७६/७७
च.नं४२४

मितिः २०७७/३/२६


श्री नगरप्रमुखज्यू,
बुढिगंगा नगर कार्यपालिकाको,कार्यालय,
बाजुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

२०७७/३/२६
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६/७७
च.नं :४३३

मिति : २०७७।३।२६

श्री नगरप्रमुखज्यू,
बुढिगंगा नगरपालिका, बाजुरा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले बुढिगंगा नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. १ करोड ४२ लाख ४३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु६ लाख ७३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९१ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. ९ लाख ८४ हजारर पेश्की बाँकी रु.३४ लाख २० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२६

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# बुढिगंगा नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चिततता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अन्तर्गत १० वडा रहेको, ५३ सभा सदस्य, ५९.२ बर्ग कि.मी. क्षेत्रफल, २१६७७ जनसंख्या र सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोषः** स्थानीय सरकार संचालन ऐन २०७४को दफा ६९ र ७२ वमोजिम बुढीगंगा नगरपालिकाले प्राप्त गरेको आय,व्यय अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५/७६ का समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क्र.सं. | आय तर्फ | | क्र.सं. | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | यस आ.व.को रु. | | विवरण | यस आवको |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | २४७३९३८७४.५५ |
| | बैंक धराटी | ५७३५४२५.६२ | २ | पूंजिगत खर्च | १०२८७०१०४.०० |
| | बैंक | ५१६९११०५.२५ | ३ | पूंजिगत खर्च प्रदेश | ६७४७५००.०० |
| २ | राजस्व (आन्तरिक आय) | | | | |
| | आन्तरिक राजस्व | १९३९१५४.५६ | | | |
| | राजस्व बांडफांड (केन्द्र) | ४७३७३०१७.३० | | | |
| | राजस्व बांडफांड (प्रदेश) | ११८१५२३.३२ | | | |
| | अन्य आय | १०२७९९.०० | | | |
| ३ | वित्तीय हस्तान्तरण | | | | |
| | वित्तीय समानीकरण अनुदान (संघ) | १२५१००००.०० | | | |
| | वित्तीय समानीकरण अनुदान (प्रदेश) | ६९१५०००.०० | | | |
| | प्राथमिक स्वास्थ्य सेवा | ११४७४०००.०० | | | |
| | एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ७१९००००.०० | | | |
| | आधारभूत स्वास्थ्य केन्द्र | १०८१५०००.०० | | | |
| | क्षयरोग नियन्त्रण | ८००००.०० | | | |
| | राष्ट्रिय स्वास्थ्य शिक्षा | ९००००.०० | | | |
| | सबैका लागी शिक्षा(आधारभूत/मा.वि.) | ८१०६३०००.०० | | | |
| | विद्यालय क्षेत्र विकास कार्यक्रम(केन्द्रस्तर) | ३२०००००.०० | | | |
| | विद्यालय क्षेत्र विकास कार्यक्रम(जिल्लास्तर) | २५१९६०००.०० | | | |
| | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | ३०००००.०० | | | |
| | कृषक पाठशाला संचालन | २०००००.०० | | | |
| | कृषि विभाग | ३०४०००.०० | | | |
| | पशु सेवा विभाग | ५९१०००.०० | ४ | धरौटी खर्च | ४१०८३७०.८५ |
| | पशु विकास सेवा कार्यक्रम | ३७००००.०० | ५ | मौज्दात | |
| | पशु स्वास्थ्य,रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम | ६६०००.०० | | नगद मौज्दात | |
| | सहकारी खेती,साना सिचांइ तथा मल बीउ ढुवानी कार्यक्रम | ८१००००.०० | | बैंक मौज्दात | ६९६३३९६४.४३ |
| | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा | १८३२०००.०० | | को.ले.नि.का.फिर्ता | ९३१८१५६.४५ |
| | माटो परीषण तथा सुधार सेवा कार्यक्रम | ४००००.०० | | धरौटी | ७०५०८०४.७७ |
| | महिला विकास कार्यक्रम | ७५२०००.०० | | | |
| | कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ३३४२०००.०० | | | |
| | खेलकुद विकास कार्यक्रम | १०००००.०० | | | |
| ३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६०५९०००.०० | | | |
| | गरिवसंग विश्वेश्वर कार्यक्रम | ३९४०००.०० | | | |
| | सामाजिक सुरक्षा सशर्त | ३९१९४०००.०० | | | |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | १३३५०००.०० | | | |
| | स्थानीय पूर्वाधार विकास साझेदारी | ३८०००००.०० | | | |
| | प्रदेश तथा स्थानिय तह क्षमता विकास | २१४०००.०० | | | |
| ४ | विशेष अनूदान (प्रदेश सरकार) | २००००००.०० | | | |
| ५ | अन्य प्राप्ती | ८५००००.०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | धरौटी आय | ५४२३७५०.०० | | | |
| जम्मा | | ४४७१२२७७५.०५ | | जम्मा | ४४७१२२७७५.०५ |

**राजस्वतर्फ:**

| क.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|
| | | | | नगद | वैंक |
| १ | १५१११ | ७१७४९.०० | ७१७४९.०० | | |

| दफा नं. | लेखापरीक्षण गर्दा देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **हिसाव मिलान :** पेश गरेको आर्थिक विवरणमा गत अर्थिक वर्षको नगद बाँकी मौज्दात बैंक रु. ५१६९११०५।२५ र धरौटी मौज्दात रु. ५७३५४२५।६२ सहित रु. ५७४२६५३०।८७ हुनुपर्नेमा रु. ५६६०६८९१।५५ लेखेको देखिएकोले आर्थिक विवरणमा बैंक मौज्दात रु. ८१९६३९।३२ बढि देखिको हिसाव मिलान गरि गत वर्षको जिम्मेवारी सारिएको छ । अन्य आयमा देखाएको रु. १०२७९९। मा बैंकमा वढि देखिएको रु. ५४२९९। र चालु खर्चमा खर्च लेखेको भएतापनि भुक्तानी नभएको रु. ४८५००। संचितकोषमा आम्दानी गरेको छ ।<br>प्रदेश सरकारबाट राजश्व बाडफाडबाट प्राप्त भएको रु. १०१४१७६० श्रावणमा दाखिला भए पनि यो वर्षकै आय मानी आर्थिक विवरण तयार गरिएको छ । | |
| २. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । सो कार्यान्वयन गर्नु गराउनुपर्दछ । | |
| ३. | **वित्तीय विवरणको यथार्थता :** नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरणहरु, लेखानीति तयार गर्ने यो वर्ष स्वेच्छिक भएपनि २०७६/७७ देखि अनिवार्य रुपले तयार गर्नुपर्ने भएकोले तदनुसार वित्तीय विवरण तयार गर्ने गरी लेखा राख्ने व्यवस्था हुनुपर्दछ । | |
| ४. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सोको पूर्णपालना गर्नुपर्ने देखियो । | |
| ५. | **सम्पत्ति लेखांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ मा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भई आएका स्थानीय स्तरका कार्यालयका संरचना चल, अचल सम्पत्ती संरचना (कृषि, पशुसेवा, उपकेन्द्र, स्वास्थ्य चौकी, आर्युर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र र सामुदायिक सिकाई केन्द्र) विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना आदि स्वत हस्तान्तरण हुने उल्लेख छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाको लगत तयार गरी यस २०७६ असार मसान्त सम्म पनि सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।<br>नगरपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| ६. | **वार्षिक खरिद योजना :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस वर्ष खरिद इकाई गठन तथा खरिद योजना बनाई कार्यान्वयन गरेको देखिएन । नियममा भएको व्यवस्थालाई कार्यान्वयन गरी खरिद कार्य प्रतिस्पर्धी, गुणस्तरीय र मितव्ययी बनाउनुपर्दछ । | |
| ७. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ७ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । सो बमोजिमका प्रक्रिया अवलम्वन गरेको भएपनि कार्यक्रममा आपसी तादम्यता मिलाउने कार्यमा अझ सक्रियता बढाउनुपर्ने देखियो । | |
| ८. | **वडा संचालन खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा खर्च गर्दा मितव्ययीता र औचित्यता समेत विचार गर्नुपर्ने उल्लेख भए पनि चिया, खाजा, स्टेशनरी लगायत प्रत्येक वडाले समान रुपमा रु. १६५०००। का दरले १० वडाको रु. १६५००००। खर्च लेखेको छ । समान रुपले खर्चको विल भरपाई आउनु र सोधभर्ना दिनु औचित्यपूर्ण छ वा छैन विचार हुनुपर्ने देखियो । खर्चको विल भर्पाई पेश गरेपनि खर्च शिर्षक नियमित नगरी जुनसुकै प्रकारको विल भर्पाई पेश गरेपनि सोधभर्ना तथा खर्च लेख्ने गरी यस पालिकाले वडा नं. १ देखि १० सम्म नै रु. १६५०००। का दरले रु.१६५००००। खर्च लेखेको छ ।<br><br>**वडा नं.** \| **खर्चको प्रकृति** \| **रकम रु.**<br>१ \| चिया, खाजा, स्टेशनरी, अन्य \| १६५०००.०० | |

| | | |
|---|---|---|
| २ | चिया, खाजा, स्टेशनरी, अन्य | १६५000.00 |
| ३ | चिया, खाजा, स्टेशनरी, अन्य | १६५000.00 |
| ४ | चिया, खाजा, स्टेशनरी, अन्य | १६५000.00 |
| ५ | चिया, खाजा, स्टेशनरी, अन्य | १६५000.00 |
| ६ | चिया, खाजा, स्टेशनरी, अन्य | १६५000.00 |
| ७ | चिया, खाजा, स्टेशनरी, अन्य | १६५000.00 |
| ८ | चिया, खाजा, स्टेशनरी, अन्य | १६५000.00 |
| ९ | चिया, खाजा, स्टेशनरी, अन्य | १६५000.00 |
| १० | चिया, खाजा, स्टेशनरी, अन्य | १६५000.00 |
| | **जम्मा** | **१६५0000.00** |

९. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस नगरपालिकाले देहाय बमोजिम रु. ६६७३२००। सुविधा वापत भुक्तानी भएको छ ।

१०. **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

११. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले संचालन गरेको नगरस्तरिय र वडास्तरिय आयोजना मध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । यस तर्फ ध्यान दिनुपर्दछ ।

१२. **चौमासिक खर्च :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १४.३९ प्रतिशत, दोश्रो चौमासिकमा २९.९९ प्रतिशत र तेश्रो चौमासिकमा ५५.६२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा ८० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विवरण अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१३. **चौमासिक प्रगति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) नगरपालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानूनको पालना गरी वित्तीय सुशासनको प्रवर्द्धन गर्नुपर्दछ ।

१४. **प्रशासकीय संगठन र कर्मचारी दरवन्दी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । यसमा वडाको संगठन संरचना समेत समावेश हुनुपर्दछ । साथै, प्रमुख प्रशासकीय अधिकृतले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । स्थायी दरवन्दी सिर्जना गर्न नसकिने नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पल्म्वर, इलेक्ट्रीसियन, चौकीदार, माली, वगैचे, सरसफाई सम्वन्धी पदमा स्थायी पदपूर्ती नगरी सेवा करार लिनुपर्ने व्यवस्था छ । साथै, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्वन्धि सभाबाट स्वीकृत गराउनु पर्ने पर्दछ । तर यस पालिकाले सो अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छैन । साथै, नेपाल सरकारले स्वीकृत गरेको दरवन्दीमा देहायनुसार ८७ स्वीकृत रहेकोमा हाल जम्मा २३ जना स्थायी, २७ करार रहेका छन । दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन नहुँदा स्थानीय सरकारबाट दिइने सेवा प्रवाहमा गम्भीर असर परेकोले अपेक्षित जनताको सेवा गर्न नसकेको जानकारी प्राप्त भएको छ । तसर्थ यथाशिध्र कर्मचारी व्यवस्थापन हुनुपर्ने देखियो ।

| क्र.सं | विवरण | दरवन्दी | स्थायी | करार | राहत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका वडा समेत | ४९ | ५ | ४ | ० | ९ |
| २ | कृषि भेटनेरी | ८ | ३ | ० | ० | ३ |
| ३ | स्वास्थ्य | ३० | १३ | १० | ० | २३ |
| ४ | कार्यालय सहयोगी | ० | २ | १३ | ० | १५ |
| | **जम्मा** | **८७** | **२३** | **२७** | **०** | **५०** |

१५. **मध्यकालीन खर्च संरचना:-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भए पनि तदनुसार मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१६. **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि पालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुदैन । तर यस नगरपालिकाले घर नक्सा पास गर्ने व्यवस्था समेत गरेको छैन । यसवाट दफा ४३ अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने दायित्व पूरा गरेको छैन । भवन संहिताको पालना गर्दा भविष्यमा पर्ने विपद् जोखिम न्यून हुने जनता बिच कानुनको परिपालनावाट विवाद सामाधानमा सहयोग पुग्ने, सरकारी जग्गाको संरक्षण समेतमा सहयोग पुग्ने र आन्तरिक आयमा समेत सहयोग पुग्ने हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्नु अति आवश्यक छ । यसतर्फ सम्पूर्ण जनतामा सचेतनाको कार्यक्रम संचालन गरी जनसहभागिताको माध्यमवाट शिघ्र कार्यान्वयन गर्नुपर्दछ ।

१७. **सम्पत्ति हस्तान्तरण र जिन्सी निरिक्षण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले जग्गा, भवन संरचनाको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा कार्यालयहरुमा रहेका सामानहरुको एकिन हुने गरी जिन्सी निरीक्षण गरेको छैन । यसका अतिरिक्त नियमानुसार जिन्सी निरीक्षण नगर्नुका साथै माग फारममा सामान माग गरेको भएपनि निकासी नम्वर र सामान बुझ्नेको गत वर्षको जिम्मेवारी, खप्ने नखप्ने समान समेतको दस्तखत समेत गरेको देखिएन । तत्काल जिन्सी निरीक्षण गरी जिन्सी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

**<u>वित्तीय समानीकरण पूजिगत तर्फ</u>**

१८. **सडक सीमा क्षेत्र तोक्न :** स्थानीय तहहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ अनुसार आफ्नो क्षेत्रभित्रको स्थानीय सडकको दाँयावाँयाको अधिकार क्षेत्र ( Right of way) को सीमा तोक्न सक्ने व्यवस्था छ । सो अनुसार राइट अफ वे तोकेको छैन । यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

१९. **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आवमा उपभोक्ता समितिबाट लागत अनुमान ५ लाख भन्दा बढि भएका करिव ९२ योजनाहरु हस्तान्तरण गरेको देखिएन । सम्पन्न योजना हस्तान्तरण गर्ने, हस्तान्तरण पश्चात मर्मत सम्भार भए नभएको अनुगमन गर्ने, विमा गर्ने, मर्मत सम्भारको कार्य योजना तथा सेवा शुल्क लिने संरचना र सोको विधि तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनुपर्दछ ।

२०. **मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशकट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष विभिन्न ३३ वटा निर्माण कार्यका लागि गठित भएका उपभोक्ता समितिलाई लागत अनुमानमा मूल्य अभिवृद्धि कर वापत रु २९१९३५७ भूक्तानी गरेकोले नियम सम्मत देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखियो ।

२१. **ा भरपाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा देहायका आयोजनाको भुक्तानी दिँदा सम्वन्धित डोजरको स्वामित्व भएको कम्पनीबाट मुअकर सहितको कर विजक जारी गरेको प्रमाण संलग्न गर्नुपर्नेमा सो नगरी संझौताको आधारमा भाडा मानी १० प्रतिशत बहाल कर कट्टा गरेको देखियो । आगामी भुक्तानी दिँदा नियमानुसार डोजरको स्वामित्व भएको कम्पनीबाट कर विजक लिने व्यवस्था हुनुपर्दछ ।

| भौ.न./मिति | विवरण | रकम रु. |
|---|---|---|
| २-०७५/१२/१३ | साविक गाविस देखि नडाङ सडक निर्माण | ८०७५००.०० |
| ४-०७५/१२/२७ | ताप्रीसेरा देखि साविक गाविस सडक | १९६७१७.०० |
| ६-०७६/२/२३ | डाव खप्तड सडक | ९९५७३६.०० |

| | | |
|---|---|---|
| ९-०७६/२/२४ | साउवाडा देखि मेलमुडा सडक | १८८०३३.०० |
| ११-०७६/२/३० | वसाली मुसेलबाड चैतेपिपल सडक | ९५००००.०० |
| १०-०७६/२/२४ | सेरा वसालीकोट कृषि सडक | ११८४७३.०० |
| १२-०७६/३/१० | बार्जुगाड देखि आटिचौर सडक | ८५५०००.०० |
| १३-०७६/३/२० | नकाने गिरिखेल्ने सडक निर्माण | ७१७४९८.०० |
| १८-०७६/३/२० | नुवाकोट देवलसैन सडक | १४२५०००.०० |
| ३४-०७६/३/२४ | काप्रीतोला हुँदै सेली सडक | ११४००००.०० |
| २८-०७६/३/२२ | देनबाडा देखि ब्रह्मतोला नयाँ स्वास्थ्य चौकी | ५९४१४७.०० |
| १९-०७६/३/२० | सिंगाडा खप्तड सडक स्तरोन्नती | ९५९६४५.०० |
| | **प्रदेश सरकार समानीकरण योजना** | |
| २-०७६/३/९ | ब्रह्मतोला खेतकोट हुँदै वडा का. सडक | १२००३८६.०० |
| ३-०७६/३/१६ | नाउलेगडा देखि नगरपालिकासम्म सडक | १४३१५४३.०० |
| ५-०७६/३/२० | हुड्केभिर गैरीथुमा सडक | ९५५५९६.०० |
| ८-०७६/३/२२ | डेल्टा देनसायल दुगडीवाडा सडक | १६७९४०८.०० |
| | **आन्तरिक स्रोत** | |
| २-०७५/१२/१३ | गैरीखाँद पँहुचमार्ग निर्माण | ११९४६५०.०० |
| ३-०७६/१२/२७ | खुड्यापड देखि सारेदेउ सडक निर्माण | १६८८१२०.०० |
| ५-०७६/२/२४ | त्रिशक्ति भगवतीसम्म सडक स्तरोन्नती | ३३३०८२४.०० |
| ८-०७६/३/२४ | चौला सिमलकोट शारदा सडक निर्माण | ३५९९५१०.०० |
| १-०७६/३/२२ | प्रदेश सरकार विशेष अनुदानबाट भएको निर्माण कार्य | १९०००००.०० |
| | जम्मा | ११७१३१०४ |

२२. **जग्गा खरिद :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमका कार्य जिम्मेवारी पूरा गर्ने सन्दर्भमा गाउपालिका वा नगरपालिकाले कुनै परियोजना सञ्चालन गर्न सरकारी वा कुनै निजी जग्गा प्राप्ती गर्नुपर्ने हुनसक्छ । यसरी जग्गा प्राप्ती गर्नुपर्ने अवस्थामा अर्को व्यवस्था नभए सम्मका लागि जग्गा प्राप्ती ऐन, २०३४ले तोकेको प्रकृया वा सरकारी जग्गा दर्ता वा लिजमा उपलव्ध गराउने सम्वन्धि कार्यनीति, २०७१ ले तोकेको प्रकृया पुरा गरी स्थानीय तहको लागि जग्गा प्राप्त गर्न सकिने कानूनी व्यवस्था रहेको छ । पालिकाले कुनै परियोजना कार्यान्वयनका लागि आवश्यक जग्गा प्राप्ती गर्दा स्थानीय तह ,साविकको स्थानीय निकाय वा सरकारी निकायको नाममा रहेको जग्गा वा अन्य कुनै जग्गा निशुल्क रुपमा लिने प्रकृयाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जग्गा प्राप्ती प्रकृया अगाडी बढाउन प्रारम्भिक कारवाही चलाउने अधिकारी तोकीदिन मन्त्रालयमा अनुरोध पठाउदा परियोजनाका लागि आवश्यक जग्गा निशुल्क रुपमा प्राप्तीको प्रयास भएको र सो बमोजिम आवश्यक जग्गा उपलव्ध हुन नसकेको व्यहोरा खुल्ने सहितको कागजात संलग्न गरि पठाउन मिति २०७५।२।१३.मा स्थानीय तहका लागि आवश्यक जग्गा प्राप्ती गर्ने प्रकृया सम्वन्धि परिपत्र गरेकोमा सो सम्वन्धि कारवाही नगरीपालिकाले वडा नं. ८ को वडा कार्यालय र आधारभूत स्वास्थ्य सेवा स्थापनाका लागि १८५ वर्ग मीटर खरिद गरेको देखियो । ३ वटा वडा कार्यालय तथा कार्यालय प्रयोजनकालागि घर भाडा वापत रु ३२४०००। समेत खर्च भएको देखिन्छ । नगरपालिकाले रु. ६५००००। मा जग्गा खरिद गरेको उल्लेखित परिपत्र अनुसार जग्गा खरिद नगरेकोले नियमित देखिएन । यसमा सुधार हुनुपर्दछ ।

२३. **बढि भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।भानोदय माविको घेरावार निर्माण कार्यकोआइटम नं. २ को पिसिसि (१:२:४) को वास्तविक दररेट प्रति घनमिटर रु. १५७८६। हुनुपर्नेमा प्रति घनमिटर रु. १६५७६। को दरले १७ घनमिटरको रु. ७९० का दरले रु. १३७२०। बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. १३७२०.००

साथै, लागत अनुमानमा समावेश नभएको स्टोन म्यासनरी वर्क सिमेन्ट मोटार (१:६) को प्रति घनमिटर रु. १११४९। का दरले ६.३८ घनमिटरको रु. ७११३३। भुक्तानी दिएको देखियो । नियम विपरित भएको भुक्तानी रु. ७११३३.००

२४. **प्रमाण पेश गर्नुपर्ने :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसारका भूक्तानीमा पेश गर्नुपर्ने प्रमाणमा उल्लेख भएअनुसारका आवश्यक प्रमाण पेश नगरेकोले ती प्रमाण पेश गर्नुपर्ने रु. २३०५६८४.०

| क्र.सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. | पेश हुनपर्ने |
|---|---|---|---|---|
| १ | ७-०७६/२/२९ | तोल्यान देवलसेन सडक नि. | ५०००००.०० | कार्यसम्पन्न प्रतिवेदन |
| २ | १३-०७६/३/१२ | नुवाकोट देवलसैन सडक | ५५६०००.०० | कार्यसम्पन्न प्रतिवेदन |
| ३ | १५-०७६/३/१६ | तोल्यान देवलसैन सडक | ४५००००.०० | कार्यसम्पन्न प्रतिवेदन |
| ४ | ११-०७६/३/१९ | कुँडी आवि फर्निचर खरिद | १४०४७५.०० | विद्यालयको दाखिला प्रमाण |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५ | १७-०७६/३/२२ | जनप्रभात आवि फर्निचर खरिद | १३६७०९.०० | विद्यालयको दाखिला प्रमाण |
| | ६ | ३-०७६/२/२१ | भगवती मावि फर्निचर वडा नं. ९ | १४२५००.०० | विद्यालयको दाखिला प्रमाण |
| | ७ | १-०७६/२/२३ | वडा नं. १० भगवति मावि फर्निचर खरिद | १९००००.०० | विद्यालयको दाखिला प्रमाण |
| | ८ | ४-०७६/३/९ | सिंगडा मावि फर्निचर खरिद | १९००००.०० | विद्यालयको दाखिला प्रमाण |
| | | | **जम्मा** | **२३०५६८४.००** | |

२५. **लगानी :** स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा २४ (८) मा पालिकाले सार्वजनिक निजी साझेदारीमा कुनै योजना संचालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यसैगरी स्थानीय सरकारले वनाएको सहकारी कानूनमा स्थानीय सरकारले शेयर वा ऋणमा लगानी गर्न सक्ने व्यवस्था गरेको छ । सहकारी तथा कम्पनीहरु नाफा कमाउने उद्देश्यले स्थापना भएका हुन्छन । यस्ता संस्थामा लगानी गर्दा भविष्यसम्म त्यस्ता नाफामुखी संस्थाको कार्यमा सहयोग गर्न आफ्नो क्षेत्र भित्रका त्यस्ता सबै संस्थामा एक निश्चित मापदण्ड स्वीकृत गरेर लगानी गर्दा मात्रै न्यायोचित हुने हुन्छ । त्यस्तो मापदण्डले भविष्यमा समेत दायित्व सिर्जना गर्न सक्छ । हाल मापदण्ड तयार नगरेको अवस्था छ । तसर्थ यस्ता संस्थामा हाल देखिएको लगानीलाई ऋण वा सेयरमा परिणत गरी लगानी देखाउनु उचित हुने भएकोले त्यसतर्फ ध्यान दिई देहायका संस्थाहरुमा दिएको रकम शेयर वा ऋण लगानीमा परिणत गर्नुपर्ने देखिएको रु. ६१३४१६६.०

| क्र.सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| १ | १६-०७६/३/१९ | बार्जुगाड लघुजलविद्युत्त आयोजना दोश्रो | १९०००००.०० |
| २ | ३० | इकडीगाड लघुजलविद्युत्त आयोजना दोश्रो | ९५००००.०० |
| ३ | ४०-०७६/३/२२ | कुलदेवमाण्डौ महिला बहुउद्देश्य सहकारी संस्था (भवन निर्माण) | २८२०००.०० |
| ४ | १०-०७६/३/२० | मनागाड विद्युत्त वडा नं. ३ | १८७१६६.०० |
| ५ | ३-०७५/३/१९ | मनागाड लघुजलविद्युत्त आयोजना | ६६५०००.०० |
| ६ | | जनकल्याण वहुउद्देश्यीय सहकारी संस्था लि. (ग्रामिण जलश्रोत व्यवस्थापन) | १५००००.०० |
| ७ | गतवर्ष ०७४/७५ | लगानी गरेका संस्थाहरु एकिन गर्ने | २००००००.०० |
| | | **जम्मा** | **६१३४१६६.००** |

२६. **असुल गर्नुपर्ने :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेका जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । निम्नानुसारका योजनामा बढि भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु. ४५४६८७.९७

| भौ.न./मिति | विवरण | परिणाम | फरक दर | रकम रु. |
|---|---|---|---|---|
| १-०७५/१२/१४ | सत्यवादी आवि देखि नुवाघर योजनाको आइटम नं ३ तार जालीको आयतन १९२ क्यूव.मि. तथा आइटम नं. ५ को तारजालीमा भरेको ढुङ्गाको आयतन २८८ क्यूवि मिटर भुक्तानी भएकोले बढि ढुङ्गा दिएको ९६ घनमिटर | ९६ | ३०८९.०० | २९६५४४.०० |
| ३८-०७६/३/२० | गिरीखेल्ने आधारभूत विद्यालय भवन निर्माण आरसिसि (१:२:४) को ५६.३० घनमिटरको लागि ५० के.जीको ३६० बोरा प्रयोग गर्नुपर्ने देखिएकोमा २५० बोरा मात्र प्रयोग भएको विल विजक राखि बाँकी डोर हाजिर राखेको देखिएकोले ११० बोरा सिमेन्ट जिल्ला दर रेट रु. १३७८। का दरले बढि भुक्तानी देखिन्छ | ११० | १३७८.०० | १५१५८०.०० |
| ५-०७६/२/२३ | देवलसैन स्वास्थ्य चौकीको आइटम नं ३ मा पिसिसि (१:२:४) को ४.८३ घनमिटरको भुक्तानीमा पिपिसि सिमेन्ट प्रयोगको विल पेश भएकोमा प्रतिघनमिटर रु. १४९८०। भुक्तानी दिएकोमा ओपिसि सिमेन्टको दर रु. १६३३९। दिएको | ४.८३ | १३५९.०० | ६५६३.९७ |
| | **जम्मा** | | | **४५४६८७.९७** |

**सेवा प्रवाह/सेवा सुविधा**

२७. **सेवा प्रवाह** : स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति

छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवाप्रवाहमा समस्या रहेको छ । यस तर्फ विशेष ध्यान दिन जरुरी छ ।

२८. **खर्चको मापदण्ड** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा खर्च गर्दा मितव्ययीता र औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले वर्षभरीमा खाजा खाना तथा गाडी भाडा र दैनिक भ्रमण खर्च समेतमा निम्नानुसार खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्वन्धमा पालिकाले मापदण्ड वनाएको पाईएन । खर्च रकम नियन्त्रण गर्न आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं | खर्चको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | मसलन्द, पुस्तक सामाग्री, मर्मत, मेशिनरी औजार | १६५००००.०० | |
| २ | सभा सञ्चालन खर्च | २१४८००.०० | |
| ३ | ईन्धन | १४००००.०० | वडाको लागि समेत |
| ४ | विविध खर्च (चीया पान र अतिथि सत्कार) | १०६८६५८.०० | |
| ५ | गाडी भाडा | ११४५००.०० | |
| ६ | संचार महशुल | ८२९४६८.०० | |
| ७ | दैनिक तथा भ्रमण भत्ता खर्च तथा अनुगमन खर्च | ३०२८२५५.०० | |
| | | ७०४५६८१.०० | |

**वित्तीय समानिकरण चालू/प्रदेश सरकार हस्तान्तरित चालू**

२९. **व्यक्तिको नाममा चेक :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (८) मा आपूर्तिकर्ता, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैंया भन्दा बढि रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले ना.प्रा.स श्री दिपक थापालाई रु.४८९०००। भुक्तानी गरीहाते ट्रयाक्टर, मिनी टेलर ६ सेट र कर्न थ्रेसर २ थान खरिद गरेकोमा सम्वन्धितलाई बुझाएको भरपाई संलग्न नरहेको साथै, आपुर्तकलाई भुक्तानी गर्दा एकाउन्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्नेमा गरेको देखिएन । नियममा भएको व्यवस्थाबमोजिम भुक्तानी नभएको रु. ४८९०००.००

३०. **अनुगमन खर्चः** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(३) मा सार्वजनिक यातायात चल्ने स्थानमा एकैदिन गई फर्कन सक्ने अवस्थामा दैनिक भत्ताको २५ प्रतिशत खाजाखर्च र यातायात खर्च पाउने व्यवस्था छ । नियम (८) मा सदरमुकाम क्षेत्र वा रात विताउनु पर्ने गरी खटिएको स्थानदेखि पन्ध्र किलोमिटर भित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएका पदाधिकारी एवं कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता खर्च नपाउने व्यवस्था छ ।यस पालिका अन्तर्गतका वडा सम्म संचालन भएका योजनाको अनुगमन लगायत अन्य कार्यक्रमको लागि २ देखि ६ दिन सम्मको देखाई अनुगमन मूल्यांकन खर्च रु २८,४३,२५५। रु भ्रमण खर्च रु १,८५,०००। समेत जम्मा रु ३०,२८,२५५। खर्च लेखेको छ । नियमको व्यवस्था भए भन्दा फरक पारी भ्रमण तथा अनुगमन मूल्यांकन खर्च भुक्तानी गर्ने गरेको पाईएकोले निश्चित मापदण्ड बनाई खर्च नियन्त्रण गर्नुपर्दछ ।

३१. **भौ.न. ६-०७६।३।२२ :** भ्रमण खर्च नियमावली, २०६४ नियम ७ मा फिल्ड भत्ता लिएको कर्मचारीलाई स्थानीय भत्ता भुक्तानी गर्ननपाउने व्यवस्था छ । सव-इन्जिनियर विवेक कुमार झालाई मिति ०७६।२।१७ को निर्णय बमोजिम मासिक फिल्ड भत्ता रु. १४५००। का दरले ०७५ असोज देखि ०७६ जेठ सम्म भुक्तानी गरेकोमा सोही अवधिमा स्थानीय भत्ता मासिक रु. ७७१०। का दरले रु. ६९३९०। पनि भुक्तानी भएकोमा सासु कर कट्टी गरेको रु. ६९४। कटाई बाँकी रु. ६८६९६। देखिएकोले असुल गर्नुपर्ने रु. ६८६९६.००

३२. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न फर्महरुलाई भुक्तानी गर्दा कर कट्टा नगरेको तथा केहिमा आंशिक मात्र गरेको देखियो । नियमानुसार कर कट्टा गरी दाखिला हुनुपर्ने रु. २३१००.००

| भौ.न. /मिति | विवरण | रकम | कर रकम | कैफियत |
|---|---|---|---|---|
| २-०७६/३/२२ | क्षयरोग नियन्त्रण | १९०००.०० | २८५०.०० | पारीश्रमिक कर |
| ६-०७६/३/१२ | स्काउट सहयोग कार्यक्रम होटल विलमा | १५००००.०० | २०२५०.०० | |
| | | | २३१००.०० | |

३३. **असुल गर्नुपर्ने :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेका जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । निम्नानुसारका कार्यक्रमको पेश्की फछ्र्यौट गर्दा बढि भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु. १०५४७५.००

| भौ.न./मिति | विवरण | रकम रु. |
|---|---|---|
| ४-०७६/३/२५ | वडा नं. २ वडासचिव निराजन कुमार थापाले पे.फ. गर्दा विलविजक नपुगेको रु. | २३०२०.०० |
| ३-०७६/३/२५ | वडा नं. ३ वडासचिव निराजन कुमार थापाले पे.फ. गर्दा विलविजक नपुगेको रु. | १७६३५.०० |
| ५-०७६/३/२० | वडा नं. ६ वडासचिव मिना कुमारी भट्टराईले पे.फ. गर्दा विलविजक नपुगेको रु. | ६६८५.०० |
| ४-०७६/३/२० | वडा नं. ८ वडासचिव तपेश विक्रम शाहले पे.फ. गर्दा विलविजक नपुगेको रु. | १५४८५.०० |
| १-०७५/१२/१३ | वडा नं. १० वडासचिव डिल्लीराज जैसीले पे.फ. गर्दा विलविजक नपुगेको रु. | ३८००.०० |
| ८-०७६/३/२५ | वडा नं. २ वडासचिव डिल्लीराज जैसीले पे.फ. गर्दा विलविजक नपुगेको रु. | ३८८५०.०० |
| | जम्मा | १०५४७५.०० |

| | | |
|---|---|---|
| ३४. | **निशुल्क औषधि लोगो :** औषधि खरिद गरी स्वास्थ्य संस्थालाई वितरण गरी ती संस्थामा आएका सेवाग्राहीहरुलाई औषधि निशुल्क वितरण गर्ने व्यवस्था छ । यस अनुसार यो वर्ष ढुवानी सहित रु. ३२०००००। को औषधि खरिद गरेकोमा सोको निशुल्क औषधिको लोगो राख्नुपर्नेमा सो राखेको देखिएन । यस्तो लोगा नराखेमा ती औषधिहरुको सहि सदुपयोग नहुन सक्छ । यसतर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ । साथै, खरिद गरेको औषधिको वितरणको स्पष्ट विवरण नराखेकोले वितरण भएको औषधि एकिन हुन सकेन । यसतर्फ पनि नगरपालिका सचेत हुनुपर्दछ । | |
| ३५. | ५७।२०७५।९।३० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका कम्प्यूटर अपरेटर रोशन कुमार ठाकुर कर्मचारी विवरण संकलनका लागि यस पालिकामा २०७५।९।३ देखि ९।९ सम्म भ्रमण गरेको जनाई रु १२०००। खर्च लेखेकोमा यस कार्यालयमा आई कार्य गरेको तथा मन्त्रालयबाट दोहोरो भुक्तानी नभएको यकिन हुनुपर्ने रु | १२०००.०० |
| ३६. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा खर्च गदा मितव्यीता एंव औचित्यताको समेत विचार गरी खर्च गर्नु पर्दछ । सफ्टवेयर तथा सूचना प्रणाली खर्च वापत जिन्सी सफ्टवेयर तथा योजना सफ्टवेयर खरिद वापत सफ्टटेक फाउण्डेशन प्रा.ली. काठमाण्डौलाई रु २१४७००।०० खर्च लेखेकोमा सो प्रयोगमा ल्याएको पाइएन । प्रयोगमा नआउने सफ्टवेयर खरिद गरि थप व्ययभार गराउने कार्य नियन्त्रण हुनु पर्दछ । | |
| ३७. | **पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ । पेश गरेको विवरण अनुसार त्रिशक्ति मावि, वाहृविसको रु. ३४२००००। पेश्की फछ्र्यौट भएको छैन । अत: नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. | ३४२००००.० |
| ३८. | **सामाजिक सुरक्षा भत्ता पाउनेको लगत** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ को नियम ६ मा सुविधा उपयोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यस्था छ । साविकमा परिचयपत्र लिएका व्यक्तिहरुले समेत आगामी आर्थिक वर्षमा भत्ता पाउनको लागि तोकिएको मितिभित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गराउनु पर्ने व्यवस्था छ । निर्देशिकाको नियम ६(२) मा चालु आर्थिक वर्षको आषाढभित्र उमेर पुग्ने नागरिकहरुले नगरपालिकामा चालु आर्थिक वर्षको मंसिर १५ गतेसम्म दरखास्त दिनुपर्ने र दरखास्त दिएका लक्षित समुहलाई नगरपालिकाले निर्देशिका अनुसार परिचयपत्र उपलब्ध गराउनु पर्ने तथा आर्थिक वर्षको श्रावण१ देखि परिचयपत्र कार्यान्वयन हुने व्यवस्था छ । नगरपालिकाले यो आर्थिक वर्षमा रु ३८९२३०००। सामाजिक सुरक्षा खर्च लेखेको छ । सामाजिक सुरक्षा अनुदान प्राप्त गर्नेहरुको अनलाईन डाटावेस तयार गरी सोही आधारमा खर्च तथा अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिएको छ । साथै वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता हालसम्म बैक मार्फत वितरण गरेको देखिएन । बैंक मार्फत हितकारी व्यक्तिको खातामा सामाजिक सुरक्षा भत्ता वितरण कार्य गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन :<br>• सामाजिक सुरक्षा भत्ता वापत भुक्तानी गर्नुपर्ने व्यक्तिको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत ( एम आइ एस लगत) अद्यावधिक गरी सो बमोजिम बैंक मार्फत भुक्तानी गरी खर्च लेख्नु पर्नेमा सो नगरेको देखियो ।<br>• पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा व्यक्तिको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत ( एम आइ एस लगत) अभिलेख अद्यावधिक नगरी वितरण गरेको तथा भत्ता लाभग्राहीलाई नगदै वितरण गरेको अवस्था छ ।<br>• सामाजिक सुरक्षाको लाभग्राहीको अभिलेख अध्यावधिक नगरि रकम भुक्तानी गर्दा एउटै नागरिकता नं. दुई | |

| | | |
|---|---|---|
| | वा दुई भन्दा बढी भएका तथा एउटै नाम र नागरिकता दुई भएकालाई समेत भएको एम आइ एस लगत रहेकोले वास्तविक लाभग्राहीले रकम पाएको सम्वन्धमा एकिन गर्न सकिएन । अतः लाभग्राहीको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत (एम आइ एस लगत) अद्यावधिक गरी लाभग्राहीलाई वैक मार्फत रकम भुक्तानी गर्नुपर्दछ । | |
| ३९. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत वार्षिक बजेट रु. ६०,५९,०००। विनियोजन भएकोमा रु. ५१२७५९०। खर्च गरेकोमादेखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।<br>क) यस कार्यक्रममा रु ५१२७५९०। खर्च लेखेकोमा पालिका अन्तर्गत ४४६०जना बेरोजगारको रहेकोमा ३९६ जनालाई १५ दिनको रु ७००। का दरले रु ४१५८०००। भुक्तानी खर्च गरेको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकम १०० प्रतिशत खर्च गरेकोमा बेरोजगार संख्याको ७.७३ प्रतिशतले मात्र लाभ पाएको देखियो ।<br>ख) एक आर्थिक वर्षमा कम्तिमा ३ महिना रोजगारी दिने गरी सरकारले कार्यक्रम तयार गरेकोमा कुल ४४६० जनाको ३९३ जना अर्थात ८.८८ प्रतिशत एंव ती रोजगार पाउनेले पनि १५ दिन मात्र प्राप्त गरेको एंव प्राप्त वजेट मध्ये रु. ९३१४१०। अर्थात कुल वजेटको १५.३७ प्रतिशत खर्च नै गर्न नसकेकोले रोजगार पाउने संवैधानिक हकलाई वजेटको परिधिभित्र रहेर पनि पूर्ण कार्यान्वयन गर्न सकिएन । यसतर्फ गम्भीर हुनुपर्ने देखिएको छ ।<br>ग) रकम भुक्तनी गर्दा रोजगारदाताको खातामा रकम जम्मा गरी खर्च लेख्नुपर्नेमा नागरिकताको प्रमाण समेत संलग्न नराखी ३९६जनालाई १५ दिनको भरपाई गरि रु ४१५८०००। खर्च लेखेकोमा निर्देशिका अनुसार बैंकबाट वितरण भएन । यसमा सुधार हुनुपर्दछ । | |
| | **शिक्षा तर्फ** | |
| ४०. | **कोचिङ्ग कक्षा :** १८।२०७६।३।२९ राजेन्द्र आधारभूत विद्यालयमा २०७५ फाल्गुन देखि २०७६ आषाढ महिना सम्म कोचिङ्ग कक्षा सञ्चालन वापत ४.५ महिनाको ७००० का दरले ९४५००।०० ले भुक्तानी खर्च लेखेकोमा नियमानुसार १५ प्रतिशतका दरले कर रु.१४१७५।०० कट्टा गरि भुक्तानी गर्नुपर्नेमा नगरेको रु.<br>क) राजेन्द्र आधारभूत विद्यालयमा २०७५ फाल्गुन देखि २०७६ आषाढ महिना सम्म कोचिङ्ग कक्षा सञ्चालन वापत ४.५ महिनाको ७००० का दरले ९४५००।०० ले भुक्तानी खर्च लेखेकोमा के कति विद्यार्थी सहभागि भै थप कोचिङ्ग कक्षा सञ्चालन सञ्चालन गर्दा के कति विद्यार्थीले उपलब्धी हासिल गरे नगरेको सम्वन्धमा मूल्याकंन नगरी भुक्तानी गरेकोमा उपलब्धी हासिल भएको सुनिश्चित हुनुपर्दछ । | १४१७५.०० |
| ४१. | **पत्रपत्रिका तथा छपाई :** २०४-०७६।३।२० पत्रपत्रिका तथा छपाई तथा सूचना प्रकाशन खर्च वापत विभिन्न एफ. एम.र रेडियो तथा स्थानीय पत्रिकालाई सार्वजनिक सरोकार सन्देश तथा नगर विकास गतिविधी तथा शुभकामना प्रशारण वापत रु १६५०००। खर्च लेखेकोमा के परीमाण तथा समय र मितिमा प्रशारण गरेको देखिने प्रशारण अभिलेख राखी प्रशारण सामाग्रीपेश गरे अनुसार खर्च लेख्नु पर्दछ । | |
| | **कृषि तर्फ** | |
| ४२. | **अनुगमनः** कृषि कार्यक्रम तर्फ रसायनिक मल ढूवानी अनुदान तर्फ रु ७८१४६७१९० खर्च लेखेको छ । ढूवानी अनुदानबाट कति कृषक लाभावान्वित भए गत विगतको तुलनामा कति कृषि खेतीमा अभिवृद्धि भयो सो सम्वन्धि लेखाजोखा गरि अनुगमन प्रतिवेदन पेश नगरेको साथै, पालिकाको रसायनिक मल अनुदानबाट कति उपलब्धी हासिल गरेको र प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ४३. | **अवलोकन भ्रमण :** भ्रमण उपलब्धीमुलक हुनुपर्दछ । भौ.न. ३३-०७६।३।३१ बाट रु. ७ लाख कृषक अवलोकन भ्रमणको लागि २७ जनाको अनुमान गरि ३६ जना भ्रमणमा गएको तथा भ्रमण कर्ताहरुमध्ये २५ जना पदाधिकारी र कार्यालयका कर्मचारी र बाँकी ११ जना मात्र कृषक रहेको देखियो । भ्रमणले लिएको उद्देश्यमा अधिकमात्रामा कृषक सहभागी हुनुपर्नेमा न्यून देखिएको हुँदा भ्रमणको लक्ष्य प्राप्त भए नभएको प्रतिवेदन पेश हुनुपर्ने रु. | ७०००००.० |
| | **बहुक्षेत्रिय पोषण कार्यक्रम** | |
| ४४. | **पोषण कार्यक्रमः** १००० दिनका आमालाई पोषण सम्वन्धि कार्यक्रम सञ्चालनका लागि रु २०,१३,००२०० खर्च गर्न करेसावारी व्यवस्थापन तथा उन्नत तरकारी किट वितरण, पशु जन्य प्रोटीनको उपलब्धता, कुखुरा चल्ला खरिद तथा वितरण र पोषण समवन्धि व्यवस्थापन तथा परिचालन सम्वन्धि कार्यक्रम गरेको जनाएकोमा पालिका अन्तर्गत सवै वडाका १००० दिनका आमा पहिचान गरि अभिलेख अध्यावधिक गरि तिनलाई लक्षित गरि कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा लेखापरीक्षण सो अभिलेख पेश नभएकोले १००० दिनका आमाहरुको तथ्यांकमा समावेश भएकालाई लक्षित गरि कार्यक्रम गरी लक्षित वर्गले नै सो सेवा पाएको सम्वन्धमा यकिन हुने नसकिएकोले कार्यक्रमले लक्षित उपलब्धी हासिल हुने सम्वन्धमा प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ४५. | **१८५-०७६।३।२०** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भुक्तानीमा कर कट्टी गर्नुपर्दछ ।नगरसभामा २०७६।३।३१ गते उपस्थित भएका पदाधिकारी तथा कर्मचारीलाई खाना खर्च रु १०००। र यातायात खर्च रु ५००। का दरले ५२ जनालाई रु ७८०००। नगदै भुक्तानी लेखेकोमा खाना खर्चको रु. ५२०००। नियमानुसार १५ | |

| | | |
|---|---|---|
| | प्रतिशतका दरले कर रु.७८००। कट्टा गरि भुक्तानी गर्नुपर्नेमा नगरेको रु. | ७८००.०० |
| ४६. | **फिल्ड निर्माण:**स्वीकृत लागत अनुमान बमोजिम कार्य गर्नुपर्दछ ।निर्वाचन क्षेत्र निर्माण कार्यक्रम अन्तर्गत अनाथालय फिल्ड निर्माण काय उपभोक्ता मार्फत गराई रु १४२४०००। भुक्तानी गरेकोमा लागत अनुमानमा नभएको ड्राइवाल निर्माण वापत रु. ४२३५४०। पेश भएको कार्य सम्पन्न प्रतिवेदन मा लागत अनुमानमा समावेश नभएको ड्राईवाल निर्माण वापतको रु ४२३५४०। कार्यसम्पन्न भएको जनाई भुक्तनी गरेको लागत अनुमानमा समावेश नभएको आइटमको भुक्तानी गरेको नियमित नदेखिएको रु. | ४२३५४०.० |
| ४७. | **बैठकमा मितव्ययिता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतालाई ध्यान दिई सरकारी रकम निकासा दिन वा खर्च गर्नुपर्ने व्यवस्था छ । केन्द्रले विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि बैठकहरु राख्ने निर्णय गर्ने र सो अनुसारको बैठक भत्ता खर्च लेख्ने गरेको छ । एक वा २ वटा बैठकबाट टुङ्याउन सकिने एकै प्रकृतिको निर्णय हुने विषयवस्तुलाई समेत पटक पटक र आवश्यकभन्दा बढी सहभागी संख्या राखी बैठक भत्ता खर्च गरेको देखिएकोले बैठक भत्तामा मितव्यायिता अपनाउनु पर्दछ । | |

| भौ.नं.र मिति | बैठकको विषय | बैठक संख्या | सहभागी संख्या | बैठक भत्ता रकम |
|---|---|---|---|---|
| ७५-०७५/३/२ | कक्षा ५ र ८ को परीक्षा मर्यादित रुपले सञ्चालन गर्ने बैठक | ११ | ९ जना सम्म | ५००००.०० |
| १९४-०७६/३/२० | राजस्व परामर्श समिति बैठक | १० | ६ जना सम्म | ६७०००.०० |
| १९४-०७६/३/२० | जिप तथा मोटरसाइकल मूल्याकंन समिति | ७ | ८ जना सम्म | ७१०००.०० |

**सम्परीक्षण :** कार्यालयले महालेखा परीक्षकको प्रतिवेदन २०७५ मा समावेश भएको आर्थिक वर्ष २०७४/७५ देहाय बमोजिमको बेरुजू संपरीक्षणको लागि पेश भएकोमा मनासिव देखि निम्नानुसार फछ्र्यौट भएको छ ।

| बेरुजू दफा | बेरुजूको छोटकरी विवरण | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|
| १४ | तल्लो नुवाघर सिंचाई पोखरीको रु. ४३१९। र सेरा वसाली मुसेलवाडा सडक उसको रु. २७३१८। बढि भुक्तानी असुल हुनुपर्ने । | तल्लो नुवाघर सिंचाई पोखरीको रु. ४३१९। र सेरा वसाली मुसेलबाडाको रु. २७३१८। मध्ये रु. २४२५०। असुल प्रमाण पेश | २८५६९.०० |
| १५ | हुड्केभिड देखि गैरी थुमा सडक उसको रु. ३३५४। र त्रिशक्ति देखि सान्नीकोट भगवती सडक रु. २५९२। को बढि भुक्तानी असुल हुनुपर्ने रु. ५९४६। | असुल गरेको प्रमाण पेश । | ५९४६.०० |
| १७ | प्र.अ. मनविर खातीले कार्यक्रम खर्चमा अग्रिम कर कट्टी गर्न बाँकी रु ५३४९। | असुल गरेकाे प्रमाण पेश । | ५३४९.०० |
| २९ | कुँडी आवि र भानोदय आवि, नौविसलाई बढि भुक्तानी रु. ८७००। | असुल गरेकाे प्रमाण पेश । | ८७००.०० |
| | जम्मा | | ४८५६४.०० |

## बुढिगंगा नगरपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

**(रु.हजारमा)**

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बाजुरा | बुढिगंगा नगरपालिका | ३३ | १४ | १४२४३ | ० | ० | ० | ३३ | १४ | १४२४३ | ६७३ | ९८४ | ९१६६ | ० | ० | १०८२३ | ० | ३४२० | ३४२० |

## बुढिगंगानगरपालिकाको सञ्चित कोष विवरण

**अनुसूची - २**

२०७५/७६

**(रु.हजारमा)**

| स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| बुढिगंगा नगरपालिका | बाजुरा | ५७४२७ | १३२०१५ | २५७५७८ | १०३ | ३८९६९६ | २४७३९४ | १०९६१८ | १३४२७ | ३७०४३८ | ७६६८५ |

## अद्यावधिक वेरुजू स्थिति

**अनुसूची - ३**

२०७५/७६

**(रु.हजारमा)**

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|
| बुढिगंगा नगरपालिका | बाजुरा | १११४३ | ४८ | ११०९५ | ० | १४२४३ | २५३३८ |